**बेलौरी नगरपालिकाको तेह्रौं नगर सभा, ८ आषाढ २०८१**

**आर्थिक वर्ष : २०८१।८२ को नीति तथा कार्यक्रम**

**उपस्थित सम्पूर्ण नगर सभाका सदस्य ज्यूहरु,**

नेपालको संविधान तथा विद्यमान प्रचलित कानुनले दिएको अधिकारको सदुपयोग गर्दै हामीले स्थानीय सरकारको दोस्रो कार्यभार सम्हालेको २ वर्ष पार भइसकेको छ । हालसम्म विभिन्न कानुनी तथा नीतिगत विषयहरुमा स्थानीय तहले आफ्नो बाटो तय गर्दै स्थानीय सरकारको रुपमा विभिन्न विषयहरुमा प्रभावकारी कार्यसम्पादन गरेको सन्दर्भ अवगत गराउँदछु । यसै सन्दर्भमा यस गरिमामय सभामा आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु ।

यस अवसरमा मुलुकमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै विभिन्न राजनीतिक आन्दोलनका क्रममा बेपत्ता नागरिक, घाइते, योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु

आर्थिक समृद्धि सुशासन र विकासको मार्गमा बेलौरी नगरपालिका निरन्तर अघि बढिरहेको छ। सम्मानित तेह्रौं नगरसभाबाट यस नगरपालिकाको भावी दिनहरुको विकासको मार्गचित्र कोर्नका निमित्त हामीलाई प्राप्त भएको सीमित श्रोत र साधनको अधिकतम सदुपयोग गरी सबै क्षेत्र र वर्गको विकासका अधिकतम आवश्यकता पुरा गर्ने लक्ष्य राख्नुपर्ने जिम्मेवारी हामी सबैको रहन्छ। यसका लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाको आन्तरिक श्रोत लगायत अन्य विकास साझेदारहरुबाट प्राप्त हुन सक्ने सहयोग समेतलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तयार गरी समृद्ध नगर निर्माण गर्न हामी सबै दृढ संकल्पित छौ । आगामी आर्थिक वर्षका लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न बेलौरी नगरबासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**नगर सभाका सदस्य ज्यूहरु,**

अब, म यस गरिमामय सभामा आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. बेलौरी बाहिरी चक्रपथ निर्माणलाई बेलौरी नगर गौरवको आयोजनाको रुपमा विस्तार गरिने छ ।
२. बेलौरी भित्री चक्रपथ निर्माणलाई निरन्तरता दिईने छ ।
३. सबै वडाका मुख्य सडक हरुलाई कालोपत्रे गर्ने निति लिईने छ ।
४. नगर प्रमुख सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिईने छ ।
५. बेलौरी छोटी भन्सारको स्तरोन्नत्तीको लागि संघिय सरकार सँग पहल गरिने छ ।

६. बेलौरी छोटी भन्सार देखी कलुवापुर जाने सडक बोर्डर देखी मैनाहा सम्म ४ लेन सडक निर्माणको लागि प्रदेश सरकार सँग पहल गरिने छ ।

७. लामो समय देखी निर्माणाधिन हुलाकी सडक यथासिघ्र सम्पन्न गर्नका लागि संघिय सरकारमा पहल गरिने छ ।

८. बन्दाताल, शोभाताल,पुरैनी ताल सिक्री कुण्डा ताल लगाएतका ताल हरुलाई पर्यटकीय क्षेत्रहरुको रुपमा विकास गरिनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

९. कोल्ड स्टोर निर्माणका लागि संघ र प्रदेश सरकारलाई पहल गरिनेछ ।

१०. रैथाने बालीको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

११. कृषि प्रविधि सम्बन्धि तालिम दिइ कृषकहरुलाई कृषि खेती गर्न प्रोत्साहित गरिनेछ ।

१२. कृषकहरुलाई खाधान्न बालिको उन्नत विऊ वितरणगरि खाद्यान्न बालीको क्षेत्र विस्तार हुनुका साथै कृषकहरुलाई खाद्यान्न उत्पादनमा आत्मनिर्भर बनाइनेछ ।

१३. केरा तथा फलफुलको क्षेत्र विस्तार कार्यक्रम यस कार्यक्रममा केरा तथा अन्य फलफुल बालीको क्षेत्र विस्तार गरि राइपनिङ्ग च्याम्बर सञ्चालनमा सहयोग पुग्नेछ ।

१४. ५० % अनुदानमा कृषि औजार वितरण कार्यक्रम सञ्चालन गरि कृषि यन्त्रको प्रयोगबाट लागत कम भई कृषकहरुको उत्पादनमा वृद्धि गरिनेछ ।

१५. एक वडा एक उत्पादन विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. पकेट विकास कार्यक्रम सञ्चालन गरि खाद्यान्न बाली, तरकारी बाली, फलफूल बालीको क्षेत्र विस्तार गरिनेछ।

१७. साना सिंचाई मर्मत तथा सम्भार कार्यक्रम सञ्चालन गरि सिंचित क्षेत्रको विस्तार गरिनेछ ।

१८. वेरोजगार युवाको लागि युवा लक्षीत तरकारी तथा च्याउ खेति सञ्चालन गरि नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार युवायुवतीहरुलाई रोजगारीको अवस्था सृजना गरिनेछ ।

१९. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरु बिक्री वितरणमा सहजता ल्याउने उद्देश्यले बेलौरी वडा नं. ६ र वडा नं. ३ मा रहेको कृषि हाट बजार निर्माण तथा मर्मत तथा सम्भार गरि सञ्चालनमा ल्याइनेछ साथै बेलौरी न.पा. ८ मा रहेको हाट बजारलाई थप व्यवस्थित गरिने छ ।

२०. कृषकहरुलाई छोटो समयमा आम्दानी गर्न च्याउको बीउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

२१. पालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातमा दरबन्दी मिलान गरिनुका साथै तहगत प्रधानाध्यापकको व्यवस्था गरिनेछ ।

२२. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक कर्मचारीको पेशागत क्षमता विकास कार्य गरिनेछ ।

२३. विद्यार्थीको कक्षागत र विषयगत नतिजा सुधारका लागि विद्यालयको संस्थागत क्षमता विकास गरिनेछ ।

२४. शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम आवश्यकता र औचित्यका आधारमा विद्यालयहरुको समायोजन, डाउन साईजिङको कार्य अगाडी बढाइनेछ ।

२५. प्राविधिक तथा व्यवसायिक शिक्षाबाट विद्यार्थीलाई आत्मनिर्भर बनाउनका लागि हाल सञ्चालित प्राविधिक विद्यालयको स्तरोन्नति गरिनेछ ।

२६. आदिवासी जनजाती, दलित, द्वन्दपिडित,अल्पसंख्यक,पिछडा वर्ग, बोट जाती, शहिद तथा वेपत्ता परिवार, गरिब, जेहेन्दार र शारीरीक रुपले फरक क्षमता भएका तथा प्राविधिक धार र उच्च शिक्षा अन्तरगत अध्ययनरत विद्यार्थीलाई पढाइमा टेवा पुर्याउनका लागि छात्रवत्तिको व्यवस्थापन गरिनेछ ।

२७. विद्यालय अनुगमन तथा नियमनको पाटोलाई सशक्त बनाइ दण्ड र पुरस्कार प्रणाली अबलम्बन गरिनेछ ।

२८. विद्यालयसँग सरोकार राख्ने वि. व्य. स, पि. टि. ए लगायतको क्षमता विकास गरी विद्यालय व्यवस्थापनको पक्षलाई थप सशक्त बनाइनेछ ।

२९. युवाहरुको सर्वाङ्गीण पक्षको विकासलाई ख्याल गर्दै विभिन्न इन्डोर र आउटडोर खेलकुद कार्यक्रमको आयोजना गरिनेछ । साथै खेलाडी तयारी तथा प्रशिक्षणको पाटोलाई केन्द्रमा राखी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा  प्रतिस्प्रधा गर्न सक्ने जनशक्ति तयार गरिनेछ ।

३०. पालिका अन्तर्गतका युवा जनशक्तिलाई प्रतिस्प्रधात्मक परीक्षामा अब्बल बनाउन लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

३१. सामाजिक सेवाका क्षेत्रमा युवा परिचालनलाई सशक्त बनाउन नगर युवा सञ्जालको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद, असल व्यक्तित्व निर्माणका लागि अतिरिक्त क्रियाकलाप भन्ने नारालाई आत्मसात गरि विद्यालयमा अतिरीक्त र सह-क्रियाकलापका कार्यक्रमलाई महत्वका साथ अगि बढाइनेछ ।

३३. युवा तथा विद्यार्थीहरुमा लागु पदार्थ विरुद्ध सचेतना, आचार शिक्षा, साहित्य, कला, संस्कृति संरक्षण सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. अनौपचारिक तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षाका कार्यक्रमलाई महत्वका साथ अगाडी बढाइनेछ सोका लागि सामुदायिक सिकाइ केन्द्रलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

३५. हाल पठन संस्कृतिमा आइरहेको कमि न्युनिकरणका लागि सामुदायिक पुस्तकालयको क्षमता अभिवृद्धि तथा सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी पठन संस्कृतिको विकास गरिनेछ ।पढाइ(पुस्तक)मेला कार्यक्रमको आयोजना गरिनेछ ।

३६. पालिका अन्तर्गतका सामुदायिक विद्यालका नीजि (पालिकाबाट निश्चित अनुदान जाने) शिक्षकहरुलाई विद्यार्थी शिक्षक अनुपातमा पुनर्वितरण गरिनेछ ।

३७. विद्यालयहरुका  असल अभ्यास, अनुभव(ज्ञान)आदान प्रदानका लागि आवश्यक कार्यक्रम अगाडी बढाइनेछ ।

३८. हरित विद्यालयको अवधारणालाई कार्यान्वयनमा ल्याउनका लागि विरुवा रोपण कार्यमा विद्यालयलाई अभिप्रेरित गरिनेछ ।

३९. आफ्ना नानीबाबुको पढाइप्रति अभिभावकलाई थप जिम्मेवार बनाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. आधारभूत तह(कक्षा१ देखि ८) को पाठ्यक्रम निर्माण भइ सकेको अवस्थामा पाठ्यपुस्तक निर्माणको कार्यलाई तिव्रताका साथ अगाडी बढाइनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

४१. श्रमको सम्मान, राष्ट्रको अभियानमा श्रमिकको पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनमा आवश्यक नीति अवलम्बन गरिनेछ ।

४२. अदक्ष तथा सक्षम जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगार व्यक्तिहरुलाई आवश्यक सीपमुलक, उद्यमशिलता विकास तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ ।

४३. संघ, प्रदेश तथा स्थानीय तहका रोजगारमूलक कार्यहरुमा अपनत्व कायम गर्दै रोजगारीका थप क्षेत्रहरुको पहिचान तथा विस्तार संगै बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न  सरकारी, निजी,  गैरसरकारी तथा अन्य सरोकारवाला संघ सस्थाहरुसंग समन्वय, सहकार्य, सहजिकरण छलफल तथा गोष्ठी गरिनेछ ।

४४. वैदेशिक रोजगारीमा जाने श्रमिकको नयाँ श्रम स्वीकृत तथा पुनः श्रम स्वीकृतिका लागि सहजिकरण गरिनुका साथै श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका, अलपत्र परेका व्यक्तिहरुलाई राहत उद्धारमा रोजगार सेवा केन्द्र मार्फत सहजिकरण गरिनेछ ।

४५. श्रम सम्बन्धलाई प्राथमिकतामा राख्दै सार्वजनिक पूर्वाधार विकास निर्माण, कृषि तथा सहकारी, व्यापार व्यवसाय, लघु उद्यम, पर्यटन तथा वित्तीय क्षेत्रबाट थप रोजगारी सिर्जना गर्न रोजगार नक्सांकन, रोजगार रणनीति, बेरोजगार तथ्यांक संकलन, रोजगार परामर्श, विनिमय सेवा, रेफरल सेवा, वित्तीय साक्षरता प्रदान गर्न रोजगार सेवा केन्द्रलाई प्रभावकारी बनाइनेछ ।

४६. वैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न आवश्यक सीप, क्षमता विकास संगै कृषि पशुपालनमा युवा स्वरोजगारी  तथा बिउँ पूँजी उपलब्ध गराउन कृषि शाखा, पशुसेवा शाखा, विभिन्न गैरसरकारी तथा वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ ।

४७. स्थानीय तहमा रहेका रोजगारदाता र बेरोजगार व्यक्तिहरुको मागमा आधारित रोजगार सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई श्रम बैंकको रुपमा थप प्रभावकारी बनाउन आवश्यक पहलका साथै रोजगारी सिर्जनाका लागि ५ वर्षे रोजगार रणनीति बनाईने छ ।

४८. बालश्रम मुक्त नगरपालिका घोषणाका लागि आवश्यक नीति, नियम तथा कार्यक्रम तर्जुमा गरिनेछ, यसका लागि बालश्रमको क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

४९. लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्नको लागि शिक्षा, स्वास्थ्य, रोजगारी, गरिवी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षार, पुर्वाधारमा पहुँच लगायतका विषयमा महिला लक्षित कार्यक्रमहरु संचालन गरिने छ ।

५०. महिलाको सशक्तिकरण कार्यक्रम सहित सामाजिक सुरक्षालाई सुदृढ बनाउन महिला समूहहरुसँग अर्थतन्त्र सिद्धान्तहरुमा आधारित निष्पक्ष र दिगो आय आर्जन गर्ने अवसरहरु र स्रोतहरु उपलब्ध गराउन महिलाको आथिक, सामाजिक, राजनीतिक सशक्तिकरण र क्षमता विकास गर्न शसक्त महिला संवृद्ध नेपाल परियोजनासँगको साझेदारीमा कार्यक्रमहरु संचालन गरिने छ ।

५१. लैङ्गिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनस्थापनाको नीति अवलम्बन गरी बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखनजस्ता सामाजिक कुरिती र अन्ध विश्वासको अन्त्य गर्ने गराउने जनचेतनामूलक कार्यक्रमहरुलाई विस्तार गरिनुका साथै शान्ति पुनःस्थापना गृहसँगको साझेदारीमा संचालित सेफ हाउसको कार्यक्रमलाई निरन्तरता गरिने छ ।

५२. गरिब तथा विपन्न, दलित, आदिबासी जनजाती, एकल तथा अपांगता भएका महिला, मुक्त कमलरी, हिंसापिडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एचआइभी सङ्क्रमित र बञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५३. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गरिनेछ । यस नगरपालिकालाई बालविबाह, बहुविबाह, दाईजो, बोक्सी तथा छाउपडी लगायतका कु-प्रथा न्यूनिकरण गरिने छ । जवरजस्ती करणी, एसिड आक्रमण लगायतका हिंसापिडित तथा प्रभावित महिलाको सुरक्षाको लागि राहत, उद्धार, पुनःस्थापना, निःशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रमहरु संचालन गरिने छ ।

५४. महिलाहरुको सशक्तिकरण, नेतृत्व विकास, उद्यमशिलता र सिपविकास गरी महिलाहरुलाई विकास तथा योजना निर्माण योजना कार्यान्वयन र अनुगमनमा सहभागिता सुनिश्चित गर्दै नगरपालिका अन्तर्गत संचालन हुने योजनाहरुमा कम्तिमा ४० प्रतिशत सहभागिता सुनिश्चित

गरिने छ, यसको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति अनुगमन तथा निर्देशन समितिलाई थप सक्रिय गरिने छ ।

५५. लैङ्गिक हिंसा निवारण कोष को स्थापना तथा व्यवस्थापन गरिने छ ।

५६. लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा परिक्षणको व्यवस्था मिलाउनका साथै वजेटलाई लैङ्गिक उत्तरदायी संकेत गरेर सुत्रमा प्रविष्ट गरिने छ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

५७. बालमैत्री स्थानीय शासन, पोषणमैत्री स्थानीय शासन, बालश्रम अन्त्य, बालविवाह मुक्त स्थानीय तह बनाउनको लागि विभिन्न अभियानहरु संचालन गरिने छ ।

५८. बालबालिका सम्बन्धि ऐन २०७५ मा व्यवस्था भए अनुसार निर्माण गरिएको बाल संरक्षण तथा सम्वर्द्वन कार्यविधि लाई कार्यान्वयनमा ल्याई बाल अधिकार समितिको परिचालन र बाल कोषको स्थापना गरी बाल संरक्षण प्रणालीलाई सुनिश्चित गरिने छ ।

५९. बालमैत्री आचारसंहिता, बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल ) का साथै बालबालिकाको लागि लगानी योजना निर्माण गरिनेछ, यसको लागि शसक्त महिला संवृद्ध नेपाल परियोजनासँग समन्वय, सहकार्य तथा साझेदारी गरिने छ ।

६०. यस बेलौरी नगरपालिकाको भूगोलभित्र रहेका सेवा प्रदायक कार्यालयहरुमा बालमैत्री कक्ष वा सम्पर्क एकाई, स्तनपान कक्ष सार्वजनिक स्थलहरुमा बालमैत्री, अपाङ्गतामैत्री शौचालय र बालमैत्री धारासहितको खानेपानीको व्यवस्था मिलाइनेछ।

६१. स्रोत साधन सहितको बालबालिका शाखा, वडा र यस क्षेत्रभित्रका बिद्यालयहरु (सामुदायिक र संस्थागत) मा बालक्लब गठन तथा पुनःगठन, वडा तथा नगर स्तरीय बाल संजाल गठन तथा दर्ता गरी बाल अधिकार प्रणालीको सवलीकरण गरी क्षमता विकास गरिने छ ।

६२. बेलौरी नगरपालिका क्षेत्रभित्रका श्रमिक बाल बालिकाहरुको सुनिश्चित व्यवस्थापन गर्न सवै किसिमका बालश्रम अन्त्य गर्ने, बाल बालिका माथी हुने सवै किसिमका हिंसा शोषण दुर्व्यावाहार अन्त्य गर्ने तथा बेलौरीलाई बालमैत्री नगरका रुपमा घोषणा गर्नका लागि सचेतना, सशक्तिकरण एवं उपचारत्मक कार्यक्रमहरु संचालन गरिने छ ।

६३. टोल, वडास्तर देखिनै प्रभावकारी तथा अर्थपूर्ण बाल सहभागिता सहित बाल भेलाको आयोजना गरी बालबालिकाले प्रदान गरेका सुझाब अनुसार योजनाहरु निर्माण गरिने छ ।

६४. बिद्यालय व्ववस्थापन समिति र स्वास्थ्य समितिमा बाल सहभागिताको सुनिश्चित गरिने छ ।

६५. बालबालिकालाई विद्यालयमा टिकाईराख्न र पोषणयुक्त खाना उपलब्ध गराउनको लागि विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय तहबाट थप गरी सबै बालबालिकालाई गुणस्तरीय पोषणयुक्त दिवाखाजाको व्यवस्था मिलाईने छ ।

६६. यस नगरपालिका भित्र रहेका बालगृह, अल्पकालिन आश्रयस्थल (सेफ हाउस) को नियमित अनुगमन गरी बालबालिकामाथि कुनै कसुरजन्य कार्य भएको थाहा हुनआएमा अभिभावकत्व निर्वाह गरी प्रभावितको उद्दार, संरक्षण र पुनःस्थापनाको व्यवस्था मिलाईने छ ।

६७. बालबालिकासँग नगरप्रमुख कार्यक्रम संचालन गरिनुका साथै बालमैत्री स्थानिय तह घोषणा गर्नको लागि आवश्यक ५१ सूचक हरु पुरा गर्न नगरपालिका अन्तर्गतका विभिन्न शाखा, उपशाखा तथा शसक्त महिला संवृद्ध नेपाल परियोजनासँगको साझेदारीमा विभिन्न संयन्त्र निर्माण गरिने छ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

६८. ज्येष्ठ नागरिकहरुको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई नगरपालिकाको समृद्धिको लागि प्रयोग गरिनेछ, ज्येष्ठ नागरिकलाई स्वास्थ्य तथा अन्य सेवा सुविधामा छुट र सहुलियतलाई अझ व्यवस्थित बनाईने छ ।

६९. आर्थिक र सामाजिक रुपमा पछि परेका महिला बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक अल्पसंख्यक, सीमान्तीकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ ।

७०. पायक पर्ने स्थलहरुमा ज्येष्ठ नागरिक भेटघाट केन्द्र तथा मिलन केन्द्रहरु स्थापना गरिने छ ।

७१. सरोकारवाला निकाय तथा सङ्घसंस्थासँगको समन्वयमा निरोधात्मक, संरक्षणत्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानव बेचबिखन तथा ओसारपसार अन्त्य गरिनेछ, पिडित तथा प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनःस्थापना गरिनेछ, नगर क्षेत्रमा रहेका तथा फेला परेका असहाय तथा अलपत्र अवस्थामा रहेका व्यक्तिहरुको उद्धार तथा पुनःस्थापना गरी बेसाहारा मुक्त नगरपालिका निर्माण गरिने छ ।

७२. अपांता भएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणसँगै सहज र सम्मानपूर्ण जीवन सुनिश्चित गरिनेछ, उनीहरुलाई स्वरोजगार तथा रोजगारमुखी कार्यक्रम मार्फत आत्मनिर्भर बनाई आवश्यक सहायक सामग्री तथा कृत्रिम अंगहरु समेत निःशुल्क उपलब्ध गराईने छ ।

७३. नगर क्षेत्रभित्र कार्यक्षेत्र बनाएका गैरसरकारी संस्थाहरुलाई सुचिकृत गर्दै नगरपालिकाको आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन र व्यवस्थापन गर्दै ती संस्थाहरुको स्रोतआर्जन र सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व वृद्धि गरिने छ।

**नगर सभाका सदस्य ज्यूहरु,**

७४. कार्यालय समयमा नियमितरुपमा पशु सेवा शाखा बेलौरी, पशु सेवा उपशाखा कलकत्ता र गोकुलपूरबाट डिस्पेन्सरी सेवालाई थप सुदृढ गरी संन्चालन गरिनेछ ।

७५. खोरेत, लम्पि स्किन, पि. पि. आर जस्ता महामारी जन्य रोग बिरुद्ध खोप अभियान निरन्तर संन्चालन गरिनेछ ।

७६. आन्तरिक तथा बाह्य परजिबि बिरुद्ध वडा हरुमा १ दिने शिविर संचालन गरिनेछ ।

७७. क्षेत्रिय पशुपंन्क्षी रोग अन्वेषण प्रयोगशाला धनगढीसंग समन्वय गरी प्रयोगशालामा आधारित रोग निदान गरि पशुपंछीको रोग उपचार गरिनेछ । साथै गोबर परिक्षण र सि. एम. टि (थुनेलो रोग ) परिक्षणलाई पशुसेवा उपशाखाहरुमा पनि बिस्तार गरिनेछ ।

७८. गाई, भैसि र बाख्रामा बेलौरी पशु सेवा शाखाबाट संचालन हुदै आइरहेको कृत्रिम गर्भाधान कार्यक्रम यस आर्थिक बर्षबाट पशुसेवा उपशाखा कलकत्ता र गोकुलपुरबाट पनि कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईनेछ । साथै कृत्रिम गर्भधान गर्न प्रबिधिकहरुलाई तालिमको ब्यवस्था मिलाईनेछ

७९. पाराभेटहरुसंग समन्वय गरी गाई भैसि र बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रम अझ प्रभाबकारी बनाईनेछ ।

८०. बाख्रा तथा बंगुरको ऊन्नत जातको बोका तथा वीर किसानसंग साभेदारीमा आधारित भई आवश्यकता अनुसार वितरण गरिनेछ ।

८१. किसानहरुलाई नश्ल सुधार तथा नश्ल बिकास सम्बन्धि ज्ञान र सिपको अभिबृद्धी गरिनेछ ।

८२. पशुजन्य उत्पादनमा लागत न्यूनिकरणको लागी घाँसमा आधारित पशुपालन गर्न ऊन्नत जातको घाँस खेतीको प्रबर्दन कार्यक्रम संचालन गरिनेछ ।

८३. किसानहरुलाई आहारा ब्यावस्थापनमा ज्ञान, सिप र क्षमता बिकास गराउन आबश्यकता अनुसार तालिम संचालन गरिनेछ ।

८४. गाई, भैसी, बाख्रा, बंगुर र कुखुराको गोठखोर सुधार कार्यक्रम किसान, समूह तथा फार्मसंग लागत साझेदारीमा आधारित भई संचालन गरिनेछ ।

८५. कृषकहरुलाई गाईभैसी, बाख्रा, बंगुर, कुखुरा तथा माछा पालन सम्बन्धि आवश्यक तालिम संचालन गरिनेछ ।

८६. पशुपंछि तथा माछा पालनलाई आधूनिकिकरण र ब्याबसायीकरण गरी माछा, मासु, दुध र अण्डा उत्पादनमा आत्मानिर्भर बनाईनेछ साथै अण्डा तथा दुग्धजन्य पदार्थ सेवनमा बृद्धी गरी मानव पोषणमा सुधार गर्ने निति अपनाईनेछ ।

८७. पशुपंछि तथा माछा पालन ब्याबसायमा युवा पुस्तालाई आकर्षित गराऊदै पशुपंछिपालन ब्याबसायिकरणलाई प्रोत्साहित गर्ने कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ ।

<u>**नगर सभाका सदस्य ज्यूहरु,**</u>

८८. वडा तथा टोल स्तरमा रेबिज रोग बिरुद्ध खोप शिविर संचालन गरिनेछ ।

८९. नगरक्षेत्रमा रहेका सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९०. किसानहरुबाट सहकारी मार्फत दुध संकलन गरी प्रशोधन केन्द्रको स्थापना गरी नमुना डेरी संचालन गर्न आवश्यक पहल गरिनेछ। साथै कृषकहरुलाई दुग्धजन्य पदार्थहरुको उपज उत्पादन सम्बन्धि तालिम प्रदान गरिनेछ ।

९१. माछा तथा मासु पसलहरुको तत्थ्याङ्क संकलन गरी पशु सेवा शाखामा दर्ता सुचिकरण गर्ने र नियमित अनुगमन गरी स्वस्थ्य मासु बिक्रि बितरण गराईनेछ र मासु पसल सुधारको लागी आवश्यक सहयोगको ब्याबस्था गरिनेछ । साथै नगर क्षेत्र भित्र १ गोटा नमुना मिटमार्ट पसल संचालनमा ल्याइनेछ ।

९२. माछा पालन व्यावसायलाई प्रोत्साहित गर्न नयाँ पोखरी निर्माणमा अनुदानका साथै पुराना पोखरीहरुलाई मर्मत तथा सम्भार गरी आधुनिक तथा ब्याबसायिक माछापालनलाई जोड दिइनेछ ।

९३. स्थानिय माछा ह्याचरीहरुलाई प्रर्बदन गरिनेछ ।

९४. बेलौरी नगरपालिका भित्र रहेका विभिन्न तालहरुमा माछा पालन सम्भाब्यता अध्ययन गरिनेछ ।

९५. कृषक, समूह तथा फार्महरुलाई पशुपंछी विमा तथा कृषि ऋण कार्यक्रमको बारेमा अभिमूखिकरण तथा बिमा कम्पनि र बैंकसंग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

९६. जुनोटिक रोगहरुको बारेमा जनचेतनामूलक कार्यक्रमलाई निरन्तर संचालन गरिनेछ ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

९७. सुत्केरी पोषण खर्च कार्यक्रम, सुत्केरी महिलाहरुको घरैमा गई सुत्केरी स्वास्थ्य जाँच सेवा प्रदान गरे वाफत स्वास्थ्यकर्मिहरुले पाउने यातायात खर्च कार्यक्रम तथा ग्रामिण अल्ट्रासाउण्ड घुम्ति शिबिर कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने छ ।

९८. VIA क्याम कार्यक्रम, स्याटेलाईट क्लिनिक कार्यक्रम, प. नि. सेवा सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

९९. बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरुको क्षमता, शिपमा अभिवृद्धी गर्न तथा नवशिशु स्वास्थ्य सेवाको लागी गुणस्तरीय सेवा प्रदान गर्न Onsite Coaching कार्यक्रम संचालन गरिने छ ।

१००. श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा बर्थिङ्ग सेन्टरमा आवश्यक सामाग्री खरिद गरिने छ ।

१०१. श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रमा फिजियो थेरापी सेवा सञ्चालन गरिने छ ।

१०२. स्वयं सेविका तथा आमा समूहका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

१०३. स्थायी बन्ध्याकरण सेवा, हरेक आर्थिक वर्षमा स्वास्थ्य कार्यालयको आयोजनामा यस पालिकामा पनि हुने गरेकोले सन्तानका रहर पुरा भएका दम्पतिहरुलाई स्थायी बन्ध्याकरणको लागी सुचना, जानकारी तथा परामर्सका साथ सम्बन्धित निकायमा पुर्याउनका लागी बन्ध्याकरण अगावै महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

**<u>नगर सभाका सदस्य ज्यूहरु</u>**

१०४. नगरका निर्णय तथा आर्थिक गतिविधिका सूचनामा आम नागरीकको पहुँच बढाउन सूचना व्यवस्थापन र प्रवाहका बढी भन्दा बढी माध्यमको उपयोग गरिनेछ ।

१०५. नगरबाट कार्यान्वयन हुने सबै किसिमका पूर्वाधार र निर्माणका कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र निगरानीमा नागरिक सहभागिता सुनिश्चित गर्ने विधि तय गरी कार्यान्वयन गरिनेछ ।

१०६. उपभोक्ता समितिका पदाधिकारी तहमा महिला सहभागिता र सम्बन्धित समुदायको जनसांख्यिक समिश्रणका आधारमा दलित, आदिवासी जनजाती तथा सिमान्तकृत वर्गको सहभागिता सुनिश्चित गरिनेछ ।

१०७. विकासका कार्यक्रम र वजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी र गरिबी निवारण केन्द्रित पद्धति कार्यान्वयन गरिनेछ ।

१०८. नगर तथा अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा तथा सुविधामा नागरिकको धारणा र सन्तुष्टि आकलन गर्ने सामाजिक परिक्षण, सार्वजनिक सुनवाई, सार्वजनिक परिक्षण, हेल्प डेस्क, नागरिक प्रतिवेदन प्रणाली जस्ता सामाजिक जवाफदेहिताका उपयुक्त औजारहरुको समयबद्ध रुपमा उपयोग गरिनेछ ।

१०९. नगर र नगर अन्तर्गतका निकायबाट प्रवाह हुने सेवा र सुविधा प्राप्तिको प्रकृया थप सरल बनाईनेछ।

११०. राजश्व भुक्तानी, सिफारिस, नक्सा स्विकृत प्रकृयाहरुलाई विद्युतिय प्रणालिमा आवद्ध गर्दै लगिनेछ ।

१११. यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको समयानुकुल क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ।

११२. यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको सरुवा, पुरस्कार, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनसँग आवद्ध गरिनेछ।

११३. साविक स्थानीय निकायका कर्मचारिहरुको लामो समय देखि रोकिएको बढुवालाई अगाडि बढाउने सम्बन्धमा प्रदेश सरकारबाट पारित मापदण्डको अधिनमा रहेर बढुवा प्रक्रियालाई अगाडि बढाईनेछ ।

११४. वडा र पालिका तर्फ कार्यरत कर्मचारीहरुलाई अनिवार्य रुपले सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ ।

११५. कर्मचारी प्रशासनलाई थप जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाई सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, चुस्त, दुरुस्त र गुणस्तरीय बनाउनका लागि शाखा प्रमुखसँग कार्य सम्पादन सम्झौता गरिनेछ ।

११६. स्थानीय सरकार संचालनका नवीन आयामहरुसंग परिचित हुने उदेश्यका साथ स्थानीय जनप्रतिनिधि तथा कर्मचारीहरुलाई उपयुक्त अध्ययन अवलोकनमा लैजाने नीति लिईनेछ ।

११७. सेवा प्रवाहमा First come First Service, टोकन प्रणाली लागू एवं हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी E-Governance लाई तीव्रता दिइनेछ ।

११८. कम्प्यूटर प्रविधि तथा इन्टरनेटमा आधारित (Online Services) लाई अझ प्रभावकारी बनाउने नीति लिईने छ । सूचना प्रवाह तथा नगरबासीसंग अर्न्तक्रिया गर्न स्थानीय रेडियोसंग समन्वय गरिनुका साथै सामाजिक सञ्जालको प्रयोग गरिनेछ ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

११९. नागरिकहरुको गुनासो तथा नागरिकहरु बीचमा स-साना विवादहरुलाई स्थानीय स्तरमै सम्बोधन गर्न मेलमिलाप तथा मध्यस्थता सेवालाई वडा स्तरमा विस्तार गरि प्रभावकारी बनाइनेछ ।

१२०. मेलमिलाप तथा मध्यस्थताबाट समाधान हुन नसकेका मुद्दाहरुलाई समयमा नै सुनुवाई गर्नका लागि नगर न्यायिक समितिको कार्यलाई थप व्यवस्थित, प्रभावकारी र सर्वसुलभ बनाईनेछ ।

१२१. न्यायिक समितिको कार्य सम्पादन थप व्यवस्थित, प्रभावकारी बनाउन कानुनी सल्लाहकार ( कानुन अधिकृत) को व्वस्था गरिनेछ ।

१२२. न्यायिक समितिको कार्यसम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन इजलाश कक्षको निर्माण तथा व्यवस्थापन गरिनेछ ।

१२३. नगरसभा सदस्यहरुलाई विद्यमान ऐन, कानुन सम्बन्धी तालिम तथा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२४. गाउँ समाजमा उत्पन्न हुने स-साना विवाद समाधनका लागी भलमन्साहरुलाई न्यायिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१२५. हिंसा न्युनीकरण र महिला सशक्तिकरणका लागी जनचेतनामूलक कार्यक्रम गरिनेछ ।

१२६. बढ्दो ज्याला ठगी रोकथामका निम्ति श्रम ऐन सम्बन्धी जनचेतनामूलक कार्यक्रम गरिनेछ ।

१२७. कुलतमा युवाको व्यापक संलग्नतालाई मध्यनजर गरि यसको न्यूनीकरणका लागी विशेष जनचेतनामुलक कार्यक्रम गरिनेछ ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

१२८. सिप विकास तालिम पश्चात व्यवसाय दर्ता गरेका लघु उद्यमीहरुलाई आवश्यक मेशिन औजार, सामाग्री, प्रविधि ८०% अनुदानमा हस्तान्तरण गरिनुका साथै सोको प्रभावकारी अनुगमन गरिनेछ ।

१२९. दलित समुदायका परम्परागत सीपको संरक्षण तथा प्रवर्द्धनका लागि सीप विकास तालिमको व्यवस्था गरिने छ ।

१३०. सिप विकास तालिम लिईसकेका लघु उद्यमीहरुलाई व्यवसाय दर्ता प्रक्रियामा ल्याइनेछ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

१३१. बेलौरी नगरपालिकालाई प्रविधि मैत्री बनाई करदाताले घरमै बसि आवश्यक सेवा, सुझाव, समस्या र जानकारीहरु प्राप्त गर्न सकिने व्यवस्था मिलाईने छ ।

१३२. विपदको समयमा नगरपालिकाले निशुल्क रुपमा भौतिक साधनहरु जे. सि. वि. , टिप्पर र ट्रेक्टर परिचालन गरिने व्यवस्था मिलाईने छ ।

१३३. नगर क्षेत्रमा संचालित व्यवसायिक फर्म दर्ता नविकरण कार्यलाई व्यवस्थित गरिने छ ।

१३४. सीमा क्षेत्र सँग जोडिएका कृषि भुमिको बैंकमा बन्धक राखी ऋण उपलव्ध गराउन सम्बन्धित निकायमा आवश्यक व्यवस्था मिलाउन पहल गरिने छ ।

१३५. स्थानीय उत्पादन मुलक फर्म, उद्योग, व्यवसायीलाई संचालन गर्न आवश्यक वातावरण तयार गरिने छ ।

**नगर सभाका सदस्य ज्यूहरु,**

१३६. विशेष वनक्षेत्र पहिचान गरि (Open Zoo) स्वच्छ उद्यान निर्माणका लागि संघिय एवं प्रदेश सरकारमा पहल गरिनेछ । Children Park निर्माणको अध्ययन गरिनेछ ।

१३७. सार्वजनीक प्रति, वाटो, चौतारी, परम्परागत धार्मीक पर्यटकीय, खुलाक्षेत्रको सिमाङ्कन गरी वनको संरक्षण गरिनेछ ।

१३८. सामुदायीक वनउपभोक्ता समितिको क्षमता विकासमा जोड दिइ अझ वढी जिम्मेवार वनाईनेछ ।

१३९. नगरको वन, नगरवासीको धन अवधारणा विकास गरिनेछ ।

१४०. प्रदुषण नियन्त्रण फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्दन गर्दै स्वच्छ र स्वस्थ्य वातावरण बांच्न पाउने नागरिक अधिकारको सुनिश्चितता गर्न नगरपालिकाले प्राथमिकताका साथ कार्य गर्नेछ ।

१४१. ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

१४२. बस्ती व्यवस्थापन, ढल निकासलाई व्यवस्थीत गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सवै संग सहकार्य र समन्वय गरिनेछ ।

१४३. नगरपालिकामा रहेको नगरस्तरीय विपद् व्यवस्थापन कोषमा थप रकम व्यवस्थापन गरिनेछ । नगर स्तरीय विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइनेछ । जनस्तरमा पुर्व तयारी तथा प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ

१४४. विपद व्यवस्थापन बारे व्यापक जनचेतना फैलाउनमा जोडदिइनेछ ।

१४५. विपद् व्यवस्थापन बारे पूर्व तयारी वारे जानकारी संयन्त्र निर्माण गरिनेछ ।

१४६. प्रत्येक वडामा सामुदायकि विपद् व्यवस्थापन, उद्धार, राहत पुनःस्थापना समिति निर्माण गरिनेछन् ।

१४७. स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र स्थापनामा आवश्यक पर्ने समाग्रीको व्यवस्थापन गरिनेछ ।

१४८. विपद् व्यवस्थापन नगर कार्ययोजना, विपद् जोखीम तथा जलबायु योजना तथा विपद् पुर्व तयारी र प्रतिकार्य योजना निर्माण गरिनेछ ।

१४९. अति गरीब विपन्न परिवारलाई खाद्य समान उपलब्ध गराईने छ ।

१५०. बाढी आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावितलाई तत्काल राहत उपलब्ध गराईने छ ।

१५१. बेलौरी न.पा.,लालझाडी गा. पा. र बेल्डाडी गा. पा. को सहकार्य तथा समन्वयमा दमकल खरिद गरिने छ ।

१५२. बेलौरी न.पा.,पुर्नवास नगरपालिका र लालझाडी गा. पा. को समन्वयमा फोहरमैला व्यवस्थापन गरिने छ ।

**<u>नगर सभाका सदस्य ज्यूहरु,</u>**

१५३. सम्पुर्ण जातजाती, भाषा धर्म संस्कृति, मठ-मन्दिर, भेषभुषा र शिल्पकला संरक्षणमा विशेष जोड दिईने छ ।

१५४. मुक्त कमैया, शहिद तथा वेपत्ता परिवार र आरक्ष पिडित परिवार,तथा कमलहरीहरुको लागि विभिन्न रोजगारमुलक एवं क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१५५. कमलहरी हरुको जिविकोपार्जन एवं क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१५६. बेलौरी न. पा. ८ मा निर्माणाधिण रङ्गशालालाई सम्पन्न गरि सञ्चालनमा ल्याईने छ र विभिन्न वडाहरुमा आवश्यक खेल पुर्वाधारहरु निर्माण गरिनेछ ।

१५७. १५ शैयाको निर्माणाधिन अस्पताललाई यथाशिघ्र निर्माण सम्पन्न गर्न आवश्यक पहल गरिने छ ।

१५८. विभिन्न खेलकुदहरु सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

१५९. शुद्व खानेपानीको लागि सबै वडाहरुमा ओभरहेड टेङ्की निर्माण गरि प्रत्येक घरधुरीलाई शुद्व खानेपानिको व्यवस्थापन गरिने छ ।

१६०. बेलौरी बजारमा निर्माणाधिन ढल निकासलाई यथासिघ्र सम्पन्न गरि सञ्चालनमा ल्याउन सम्बन्धित निकायमा पहल गरिने छ ।

१६१. आ.व. २०८०-०८१ को वार्षिक निति तथा कार्यक्रम अनुसार मालपोत र नापी कार्यालयको लागि आवश्यक जग्गा व्यवस्थापनका लागि आवश्यक पहल गरिने छ ।

१६२. जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ का बुँदाहरु सार्वजनिक स्थलमा भित्ते लेखनका साथै सबै वडाका दलितहरुको क्षमता वृद्विका लागि नेतृत्व विकास तालिम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

१६३. भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको बाँकी रहेको जग्गा नापजाँच कार्यलाई निरन्तरता दिईने छ ।

१६४. सिकलसेल एनिमिया र थालासेमिया पहिचान, रोकथाम र उपचारका लागि संघ र प्रदेश सरकार सँग समन्वय गरि विभिन्न कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१६५. थारु समुदायमा व्यावसायिक क्षमता विकासका लागि माग बमोजिम थारु पहिरन, ढकिया निर्माणको तालिम लगायत सीपमुकलक तालिमको सञ्चालन गरिने छ ।

१६६. यस बेलौरी नगरपालिकामा सञ्चालनमा रहेका र आगामी दिनमा ठेक्का आह्वान भई कार्यान्वयनमा जाने पूर्वाधार निर्माण कार्य निर्माण व्यावसायीले योजना अवधी भित्र सम्पन्न नगरेको अवस्थामा सार्वजनिक खरिद नियमावली २०६४ मा प्रावधान बमोजिम कारवाही प्रकृया अगाडी बढाईने छ ।

१६७. विभिन्न जातजाती तथा समुदायको परम्परागत ज्ञान, सीप र प्रविधिलाई संरक्षण तथा प्रवर्द्वन गर्दै उत्पादन भएका सामानहरुको बजारीकरणका लागि आवश्यक पहल गरिनेछ ।

१६८. तिन पाङ्ग्रे सावारी साधन दर्ता कार्यलाई थप व्यवस्थित गरिनेछ ।

१६९. बेलौरी नगरपालिका भित्र रहेका वास्तविक आरक्ष पिडितहरुको पहिचान गरि पुनःस्थापनाको लागि संघिय सरकारमा पहल गरिनेछ ।

१७०. नगरस्तरीय दलित शसक्तीकरण ऐन २०८१ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

१७१. राजश्व सुधार योजना निर्माण गरी करको दायरा वृद्वी गरिने छ ।

१७२. यस बेलौरी नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योग कलकारखानाहरुको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) लाई अनिवार्य गरिने छ ।

१७३. नयाँ सहकारी दर्ता तथा पुनर्गठन, बचत कर्ताको सुरक्षाका लागी अनुगमन, नियमनका साथै क्षमता विकासका लागि विभिन्न तालिम तथा अभिमुखिकरण गोष्ठी सञ्चालन गरिने छ ।

१७४. नेपाल विद्युत प्राधिकरण बेलौरी वितरण केन्द्र सँग आवश्यक समन्वय गरि विद्युतको क्षमता विस्तारको गरिने छ ।

१७५. प्रम्परागत रुपमा थारु समुदायमा उत्पादन गरिने रक्सीलाई ब्राण्डीङ्ग गरि स्थानीयबासीको जिविकोपार्जन उकास्नको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

स्थानीय सरकारको उल्लेखित निति तथा कार्यक्रमको परिधी भित्र रही आर्थिक वर्ष २०८१।०८२ मा सिमित श्रोत र साधनका बाबजुद स्थानीय सरकारले अधिकतम प्रतिफल हासिल हुनेगरी वजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा गरिमामय सभामा जानकारी गराउँछु । साथै संघीय सरकार र प्रदेश सरकारले अघि सारेका निति, कार्यक्रम तथा संचालन गर्ने हरेक कृयाकलापमा स्थानीय सरकारले आवश्यक समन्वय गरी अघि बढ्नेछ ।

अन्त्यमा, निति तथा कार्यक्रम तय गर्ने सिलसिलामा अमुल्य सहयोग प्रदान गर्नुहुने यस बेलौरी नगरपालिकाका सम्पुर्ण निर्वाचित जनप्रतिनिधि, विभिन्न समितिहरुका सदस्य ज्युहरु, विषयगत समितिका सदस्य ज्युहरु, प्रमुख प्रशासकिय अधिकृत ज्यु एंव सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्न चाहान्छु ।

धन्यवाद !!